# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १६ गते २०३१ साल

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री गोरक्षबहादुर न्हुछे प्रधान इकाफेको वार्षिक अधिवेशनमा भाग लिन श्रीलंका गएकोले निज फर्की नआएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सहसचिव श्री जितेन्द्र-लाल मास्केलाई मिति २०३०।१२।११ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

यस सचिवालयको दरबन्दीमा थप भएको सहसचिव पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यस सचिवालयको उपसचिव श्री रेवतिरमणानन्द श्रेष्ठलाई २०३०।१२।२२ देखि बढीमा ३ (तीन) महीनाको लागि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

यस सचिवालयको उपसचिव श्री रेवतिरमणानन्द श्रेष्ठ कायम मुकायम सह-सचिव भएकोले सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम ८.२ को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै सचिवालयका शाखा अधिकृत श्री कृष्णप्रसाद अधिकारीलाई मिति २०३०।१२।२२ देखि कायम मुकायम मुकरर गरेको छ ।

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

यस सचिवालयको शाखा अधिकृत श्री कृष्णप्रसाद अधिकारी कायम मुकायम उप-सचिव भएकोले सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम ८.२ को खण्ड(ख)ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै सचिवालयका ना.सु.श्री योगेन्द्रध्वज जोशीलाई मिति २०३०।१२।२२ देखि कायम मुकायम शाखा अधिकृत मुकरर गरेको छ ।

38 (७१)

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।